# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ३४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना र व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना : जननेता स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालाको चिरपर्यन्त स्मृति कायम राख्न क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन र**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगबाट ग्रसित व्यक्तिको रोगको निदान र उपचारको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन एउटा क्यान्सर अस्पतालको स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा ३ बमोजिम स्थापना भएको वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल संझनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठित अस्पताल संचालक समिति संझनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष संझनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य संझनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त भएको कार्यकारी निर्देशक संझनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

३. वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना : (१) नेपालमा क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरुको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन एक राष्ट्रिय प्रेषण अस्पतालको रुपमा एउटा वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल स्थापना गरिएको छ ।

(२) अस्पताल चितवन जिल्लाको भरतपुरमा स्थापना गरिनेछ र आवश्यकता अनुसार अन्य जिल्लामा पनि यस अस्पतालको शाखा इकाई स्थापना गर्न सकिनेछ ।

४. अस्पताल स्वशासित संस्था हुने : (१) अस्पताल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) अस्पतालको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अस्पतालले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) अस्पतालले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजुर गर्न र अस्पताल उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

५. <u>अस्पतालको उद्देश्य</u> : अस्पतालको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरुको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी उनीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने ।

(ख) क्यान्सर रोग सम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धान गर्ने र सोको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रमा आत्मनिर्भरता प्राप्त गर्ने,

(ग) क्यान्सर रोगको रोकथाम, निदान तथा उपचारका लागि विकिरणयुक्त पदार्थहरुको प्रयोग, संचय, विस्थापन तथा सो कार्यमा प्रयोग हुने उपकरण संचालन प्रकृया लगायत अन्य सुरक्षात्मक उपायहरुको

९३८C



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा अन्तरराष्ट्रिय मान्यता तथा प्रचलनको प्रतिकूल नहुने किसिमका प्रणालीहरुको विकास गर्ने,

(घ) राष्ट्रिय क्यान्सर रोग नियन्त्रण कार्यक्रम संचालन गर्ने ।

६. अस्पतालको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ख) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि राष्ट्रिय क्यान्सर रोग नियन्त्रण कार्यक्रम संचालन गर्ने ।

(ग) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(घ) क्यान्सर रोग सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

(ङ) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरुसंग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पर्क एवं समन्वय कायम राखी सो सम्बन्धमा राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तयार गरी श्री ५ को सरकारमा पेश गर्ने ।

(च) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा संलग्न निकायलाई वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(छ) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा विकिरण चिकित्सा पद्धति अपनाउँदा विकिरणयुक्त पदार्थको संचय, प्रयोग र विस्थापन गर्दा तोकिए बमोजिमको सुरक्षात्मक उपाय तथा प्रविधिहरु अवलम्बन गर्ने ।

(ज) क्यान्सर रोगको रोकथाम, निदान र उपचारको कार्यमा छात्रवृत्ति पदक र पुरस्कारहरु प्रदान गर्ने ।

(झ) क्यान्सर रोगको दर्ता प्रणाली विकसित गरी नेटवर्क अस्पताल तथा सम्बद्ध संस्थाहरु मार्फत सेवा विस्तार गर्ने ।

(ञ) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा बापतको शुल्कहरु तोक्ने र प्राप्त गर्ने ।

(ट) अस्पतालको सुप्रबन्ध गर्ने ।

(ठ) अस्पतालको निर्माण, विस्तार र मर्मत गर्ने ।

१३२०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(ढ) अस्पतालको वार्षिक प्रतिवेदन समिति मार्फत श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ण) अस्पतालको सम्बन्धमा भएका नीतिगत निर्णय र सोको कार्यान्वयनको सम्बन्धमा आवधिक रुपमा श्री ५ को सरकारलाई जानकारी गराउने ।

(त) अस्पतालको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

७. अस्पताल संचालक समिति : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा निर्देशिका बमोजिम अस्पताललाई भएको सम्पूर्ण काम, कर्तव्य तथा अधिकारको प्रयोग गरी अस्पतालको संचालन, रेखदेख र व्यवस्थापनको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु भएको एक अस्पताल संचालक समितिको गठन हुनेछ :-

(क) स्वास्थ्य तथा समाज सेवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु-मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति- अध्यक्ष

(ख) अस्पताल रहेको निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य- सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्वास्थ्य तथा समाज सेवाको क्षेत्रमा संलग्न व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुईजना - सदस्य

(घ) प्रमुख, भरतपुर नगरपालिका - सदस्य

(ङ) सचिव, स्वास्थ्य मन्त्रालय वा निजले तोकेको रा.प.प्रथम श्रेणीको अधिकृत - सदस्य

(च) सचिव, अर्थ मन्त्रालय वा निजले तोकेको रा.प.प्रथम श्रेणीको अधिकृत - सदस्य

(छ) वीर अस्पताल र त्रि.वि.वि. शिक्षण अस्पतालको तर्फबाट सम्बन्धित विशेषज्ञ प्रतिनिधि एक-एक जना गरी जम्मा दुई जना - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य

(झ) क्यान्सर रोग सम्बन्धी अनुसन्धान र सेवा उपलब्ध गराईरहेका गैर सरकारी संस्थाहरु मध्येबाट श्री ५ को

९३५२



आंधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

सरकारद्वारा मनोनीत
व्यक्ति एक जना - सदस्य

(ञ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क), (ग) र (झ) बमोजिम मनोनीत अध्यक्ष तथा सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(३) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. सदस्यता कायम नरहने : (१) समितिको पदेन सदस्य बाहेक अध्यक्ष तथा अन्य सदस्यहरु देहायको कुनै अवस्थामा आफ्नो पदमा रहने छैनन् :-

(क) मृत्यु भएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) समिति समक्ष दिएको राजीनामा स्वीकृत भएमा,

(घ) कुनै सूचना नदिई लगातार आठ पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(ङ) अस्पतालको काममा निष्कृय रहेको वा असहयोग गरेको आधारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

समितिको कूल सदस्य संख्याको अध्यक्षका हकमा साठी प्रतिशत र अन्य सदस्यहरुको हकमा पचास प्रतिशत भन्दा बढी सदस्यहरुले पदबाट हटाउने भन्ने प्रस्ताव समितिबाट पारित भएमा ।

(२) उपदफा (१) बमोजिमको कारण परी अध्यक्ष वा कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त अर्को अध्यक्ष वा सदस्यको मनोनयन गर्न सकिने छ ।

९. काम कारबाही बदर नहुने : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारबाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

१०. अध्यक्षको काम, कर्तव्य र अधिकार : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएकोमा बाहेक अध्यक्षले विशेष परिस्थितिमा अस्पतालको उद्देश्य पूरा गर्नको निमित्त जुनसुकै काम कारबाही गर्न वा गराउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार : समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३५४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. कार्यकारी निर्देशक, सल्लाहकार तथा अन्य कर्मचारी : (१) अस्पतालको दैनिक प्रशासन संचालन गर्नको लागि समितिले एक कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) अस्पतालले आवश्यकतानुसार अन्य सल्लाहकार र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, सल्लाहकार तथा अन्य कर्मचारीहरुको सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१३. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४. अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक तथा अस्पतालको कर्मचारी उपर प्रतिबन्ध : अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक तथा अस्पतालको सल्लाहकार र कर्मचारीले अस्पतालसंगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्षरुपले हिस्सेदार हुन पाउने छैनन् ।

१५. अस्पताल उपर क्षतिपर्ति माग दाबी गर्न नपाइने : क्यान्सर रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका बिरामीको स्वास्थ्य उपचारको सिलसिलामा अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मीले तोकिए बमोजिमको प्रकृया अपनाई तोकिएको मात्रा अनुसारको विकिरणयुक्त पदार्थ र अन्य औषधी प्रयोग गरेको कारणबाट बिरामीलाई कुनै किसिमको प्रतिकूल शारीरिक प्रभाव पर्न गएमा सो बापत त्यस्तो बिरामीले अस्पताल र अस्पतालको चिकित्सक वा

१३५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वास्थ्यकर्मी उपर आर्थिक वा अन्य कुनै किसिमको क्षतिपूर्ति माग दाबी गर्न पाउने छैन ।

तर अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मीको लापरवाही वा हेलचक्र्याईबाट तोकिएको प्रकृया र तोकिएको मात्रामा फरक पर्ने गरी विकिरणयुक्त पदार्थ र अन्य औषधी प्रयोग गरेको कारणबाट बिरामीलाई कुनै किसिमको प्रतिकूल शारीरिक प्रभाव पर्न गएको अवस्थामा त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मी उपर क्षतिपूर्ति माग दाबी गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१६. अध्ययन अनुसन्धानको लागि शव परीक्षण गर्ने अधिकार : (१) क्यान्सर रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका बिरामीले आफ्नो मृत्यु पश्चात आफ्नो शव त्यस्तो रोग सम्बन्धी अध्ययन अनुसन्धानको लागि परीक्षण गर्न पाउने गरी मन्जुरी दिएमा त्यस्तो मृतकको शव दाह संस्कार गर्नु अघि अस्पतालले सो बमोजिम शव परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको निमित्त मन्जुरी दिन नपाउँदै अस्पतालमा भर्ना भएको कुनै बिरामीको मृत्यु हुन गएमा त्यस्तो मृतकको शवलाई क्यान्सर रोग सम्बन्धी कुनै अध्ययन वा अनुसन्धानको लागि परीक्षण गर्न अस्पताललाई बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम शव परीक्षणको लागि मन्जुरी दिने लिने सम्बन्धी अन्य कार्यविधि तथा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

१३२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. अस्पतालको कोष : (१) अस्पतालको कोषमा देहायका रकमहरु रहनेछन् र अस्पतालको खर्च सो कोषबाट व्यहोरिने छ :-

(क) श्री ५ को सरकारबाट अस्पतालको लागि प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवाबाट प्राप्त रकम,

(घ) विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदानको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) श्री ५ को सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त अस्पताललाई रकम प्राप्त गराईएको छ सो रकम सोही कार्यक्रम वा कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(३) अस्पतालको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

१८. अस्पताललाई छुट र सुविधा : (१) अस्पताललाई देहाय बमोजिमका कुराहरुमा भन्सार, बिक्रीकर, आयकर र रजिष्ट्रेशन दस्तुर लाग्ने छैन :-

१२२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अस्पतालको निर्माण तथा संचालनको लागि विदेशबाट झिकाईने आवश्यक निर्माण सामग्री, मेशिनरी र औजारहरुमा,

(ख) अस्पतालले प्रदान गर्ने छात्रवृत्ति, विद्वत्वृत्ति र पुरस्कारहरुमा,

(ग) अस्पतालले प्राप्त गरेको दान–दातव्य, अनुदान तथा अन्य आयस्रोत र अस्पतालको सम्पत्तिमा, र

(घ) अस्पतालले खरिद गर्ने अचल सम्पत्तिको लिखतको रजिष्ट्रेशनमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमका सामानहरु विदेशबाट झिकाउनु अगावै अस्पतालले त्यस्ता सामानहरुको मूल्य सूची र परिमाण सहितको विवरण स्वास्थ्य मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१९. <u>लेखा र लेखापरीक्षण</u> : (१) अस्पतालको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) अस्पतालको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

२०. <u>प्राविधिक समिति गठन गर्न सक्ने</u> : (१) अस्पताललाई आवश्यक पर्ने प्राविधिक सेवा तथा सहयोग उपलब्ध गराउन समितिले आवश्यकतानुसार प्राविधिक समिति गठन गर्न सक्नेछ ।

१३५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

२१. अधिकार प्रत्यायोजन : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य, अस्पतालको कार्यकारी निर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. निर्देशन दिन सक्ने : श्री ५ को सरकारले यो ऐन कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक देखेका नीतिगत कुराहरुमा अस्पताललाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ ।

२३. श्री ५ को सरकारसंग सम्पर्क : क्यान्सरको उपचार तथा रोकथाम सम्बन्धी कुनै नीतिगत विषयमा अस्पतालले श्री ५ को सरकारसँग सम्पर्क राख्नु परेमा स्वास्थ्य मन्त्रालय मार्फत राख्नेछ र अन्य विषयमा श्री ५ को सरकारको जुनसुकै मन्त्रालय वा कार्यालयसंग सोझै सम्पर्क राख्न सक्नेछ ।

२४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२५. निर्देशिका बनाउन सक्ने : (१) अस्पतालले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी क्यान्सर रोगको उपचारको लागि प्रयोग गरिने विकिरणयुक्त पदार्थको संचय,विस्थापन र प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा मान्यताहरुको

१३२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका नबनाएसम्म यस सम्बन्धमा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा मान्यताहरुलाई समितिले अवलम्बन गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम लागू गरेको निर्देशिका वा उपदफा (२) बमोजिम अवलम्बन गरिएका नियम तथा मान्यताहरुको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

लालमोहर सदर मिति:- २०५३।११।१५।४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

१३५०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार